VAD प्रक्रियामा स्वास्थ्य पेशेवरहरूले के भूमिका खेल्नुपर्छ, र स्वास्थ्य पेशेवरहरू र उनीहरूका बिरामीहरूलाई जोगाउन के सुरक्षा उपायहरू अपनाउनुपर्छ?

**स्वैच्छिक सहायताप्राप्त मृत्यु प्रक्रिया मार्फत एक व्यक्तिलाई मद्दत गर्न**

अष्ट्रेलियाका अन्य स्थानहरूमा, एक व्यक्तिले स्वैच्छिक सहायताप्राप्त मृत्युमा पहुँच गर्नु अघि स्वास्थ्य पेशेवरबाट मद्दत माग्छ र एक स्वास्थ्य पेशेवरसँग VAD मार्फत कसैलाई मद्दत गर्न सही प्रशिक्षण हुनुपर्दछ ।

NT मा, हामीले क्षेत्रीय, दुर्गम र धेरै दुर्गम क्षेत्रका मानिसहरूले कसरी VAD प्रक्रियामा व्यक्तिलाई मार्गदर्शन गर्न सक्ने स्वास्थ्य पेशेवरहरूमा पहुँच गर्न सक्छन् भनेर पनि विचार गर्न आवश्यक छ ।

अष्ट्रेलियाका अन्य स्थानहरूमा, एक चिकित्सक (यसको अर्थ सामान्य चिकित्सक वा चिकित्सा विशेषज्ञ) ले कुनै व्यक्तिले VAD पहुँच गर्न सक्छ वा सक्दैन भनेर मूल्याङ्कन गर्न र उक्त प्रक्रियामा उनीहरूलाई मद्दत गर्न सक्छ र कुनैपनि व्यक्तिलाई मूल्याङ्कन गर्न, चिकित्सकले VAD प्रशिक्षण पूरा गरेको र न्यूनतम स्तरको अनुभव र सीपहरू भएको हुनुपर्छ। उदाहरणको लागि, एक व्यक्तिलाई मूल्याङ्कन गर्न सक्षम हुनको लागि चिकित्सकसँग पाँच वर्षको अनुभव हुनुपर्दछ । केही राज्यहरूले भनेका छन् कि चिकित्सकसँग विशेषज्ञता हुनुपर्दछ वा व्यक्तिको रोगको उपचारमा खटेको विशेषज्ञ हुनुपर्दछ ।

यस टेरेटोरीमा सानो जनसंख्या ठूलो क्षेत्रमा फैलिएको छ, त्यसैले त्यहाँ विशेष गरी क्षेत्रीय र दुर्गम क्षेत्रहरूमा VAD मा मद्दत गर्न सक्ने धेरै चिकित्सकहरू नहुन सक्छन् । यदि चिकित्सक खोज्न गाह्रो भयो भने, केही मानिसहरू योग्य भएतापनि स्वैच्छिक सहायताप्राप्त मृत्युमा पहुँच गर्न सक्षम नहुन सक्छन् ।

हामी जान्न चाहन्छौं कि सही सीप र अनुभव भएका अन्य प्रकारका स्वास्थ्य पेशेवरहरू, जस्तै नर्स चिकित्सकहरूले, VAD प्रक्रियाभरि एक व्यक्तिलाई मद्दत गर्न सक्षम हुनुपर्छ कि पर्दैन।

**स्वैच्छिक सहायताप्राप्त मृत्युको बारेमा व्यक्तिसँग कुरा गर्न**

के एक स्वास्थ्य पेशेवरलाई स्वैच्छिक सहायताप्राप्त मृत्युको बारेमा एक व्यक्तिसँग कुराकानी सुरु गर्न अनुमति दिइनुपर्छ?

केही अष्ट्रेलियाली राज्यहरूमा, स्वास्थ्य पेशेवरहरूलाई आफ्ना बिरामीहरूसँग VAD को बारेमा कुराकानी सुरु गर्न अनुमति छैन । VAD मा रूचि राखेको व्यक्तिले आफैं कुराकानी सुरु गर्नुपर्छ ।

स्वैच्छिक सहायताप्राप्त मृत्युमा पहुँच गर्नु व्यक्तिको स्वतन्त्र छनौट हुनुपर्दछ । यद्यपि, यदि एक स्वास्थ्य पेशेवरले आफ्ना बिरामीहरूसँग VAD को बारेमा कुराकानी सुरु गर्न सक्दैन भने, यसले बिरामीहरूलाई उनीहरूको जीवनको अन्त्यका सबै विकल्पहरूको बारेमा जानकारी प्रदान गर्न गाह्रो हुन सक्छ ।

**VAD पदार्थ**

VAD पदार्थको सम्बन्धमा स्वास्थ्य पेशेवरको जिम्मेवारी कस्तो हुनुपर्दछ भन्ने बारे हामी तपाईंको विचारहरू जान्न चाहन्छौं ।

VAD पदार्थ एक चिकित्सकद्वारा तोकिएको औषधि हो जसले VAD प्रक्रियाको अन्त्यमा व्यक्तिको मृत्यु गराउँछ । स्वास्थ्य पेशेवरहरूले व्यक्ति योग्य मूल्याङ्कन नभएसम्म र आवश्यक प्रक्रिया पालना नगरेसम्म VAD पदार्थ उक्त व्यक्तिलाई उपलब्ध नहोस् भन्ने सुनिश्चित गर्न मद्दत गर्छन् ।

अष्ट्रेलियाका अन्य राज्यहरूमा, स्वास्थ्य पेशेवरहरूको विभिन्न भूमिका र जिम्मेवारीहरू छन्:

- स्वेच्छिक सहायताप्राप्त मर्ने पदार्थ चिकित्सकद्वारा मात्र सिफारिस गर्न सकिन्छ ।
- कुनै व्यक्तिलाई स्वेच्छिक सहायताप्राप्त मृत्यु हुने पदार्थ सिफारिस गर्दा, चिकित्सकले व्यक्तिलाई जानकारी प्रदान गर्नुपर्दछ र स्वतन्त्र अनुगमन एजेन्सीलाई रिपोर्ट गर्नुपर्दछ ।
- स्वेच्छिक सहायताप्राप्त मर्ने पदार्थ एक फार्मासिष्टद्वारा मात्र प्रदान गर्न सकिन्छ, र कहिलेकाँही फार्मासिष्टसँग अतिरिक्त प्रशिक्षण र स्वीकृति हुनुपर्दछ ।
- एक व्यक्तिलाई स्वेच्छिक सहायताप्राप्त मृत्यु हुने पदार्थ प्रदान गर्दा, एक फार्मासिष्टले व्यक्तिलाई जानकारी र चेतावनी दिनुपर्दछ, र कहिलेकाँही सही व्यक्तिलाई पदार्थ प्रदान गरिएको सुनिश्चित गर्न व्यक्तिको पहिचान प्रमाणित गर्नुपर्दछ ।
- व्यक्ति पदार्थ लिन तयार भएपछि एक स्वास्थ्य पेशेवरले उक्त व्यक्तिलाई पदार्थ प्रयोग गर्न मद्दत गर्न सक्छ यदि व्यक्ति आफैंले सो पदार्थ लिन सम्भव छैन वा उपयुक्त छैन भने ।

यदि स्वास्थ्य पेशेवरहरूले कानूनको पालना गर्छन् भने, तिनीहरूले अनजानमा अपराध गर्ने डर बिना स्वैच्छिक सहायताप्राप्त मृत्युमा मद्दत गर्न सक्षम हुनुपर्छ । हामी स्वैच्छिक सहायताप्राप्त मृत्युमा संलग्न स्वास्थ्य पेशेवरहरूलाई कसरी जोगाउन सक्छौं भन्ने बारे तपाईंको विचारहरू जान्न चाहन्छौं, तर गलत काम गर्ने मानिसहरूका लागि गम्भीर परिणामहरू होस् भन्ने पनि सुनिश्चित गर्न चाहन्छौं ।

**स्वैच्छिक सहायताप्राप्त मृत्युमा मद्दत गर्न नचाहने स्वास्थ्य पेशेवरहरू**

केही स्वास्थ्य पेशेवरहरूले VAD मा मद्दत गर्न नचाहन सक्छन् यदि यो उनीहरूको विशेषज्ञताको क्षेत्र होइन, उनीहरू उपलब्ध छैनन् वा उनीहरू स्व-विवेकले स्वैच्छिक सहायताप्राप्त मृत्युमा आपत्ति जनाउँछन् । स्व -विवेकशील आपत्ति तब हुन्छ जब स्वास्थ्य पेशेवर VAD मा संलग्न हुन चाहँदैनन् किनभने तिनीहरूको व्यक्तिगत, सांस्कृतिक, वा धार्मिक विश्वासहरूले VAD को अवधारणालाई समर्थन गर्दैन । अष्ट्रेलियाका अन्य स्थानहरूमा, स्वास्थ्य पेशेवरहरूलाई स्व-विवेकशील आपत्ति राख्न र स्वैच्छिक सहायताप्राप्त मृत्यु रोज्ने व्यक्तिलाई मद्दत नगर्न अनुमति छ ।

हामी स्वैच्छिक सहायताप्राप्त मृत्युमा पहुँच गर्न चाहने मानिसहरूलाई पनि सुरक्षा दिँदै स्वास्थ्यकर्मीहरूलाई उनीहरूको विश्वासलाई कायम राख्ने उनीहरूको अधिकारको रक्षा कसरी गर्ने भन्ने बारे तपाईंको विचारहरू जान्न चाहन्छौं ।

**स्वैच्छिक सहायताप्राप्त मृत्युमा स्वास्थ्य सेवाहरूको भूमिका**

यदि कुनै व्यक्ति स्वास्थ्य सुविधा वा सामुदायिक सेवा, जस्तै अस्पतालहरू, उपशामक हेरचाह अस्पतालहरू, वा वृद्ध हेरचाह घरहरूमा बसिरहेको वा रहिरहेको छ भने उसले कसरी VAD पहुँच गर्नुपर्छ?

VAD पहुँच गर्न चाहने मानिसहरू प्रायः स्वास्थ्य सुविधामा बस्छन्। केही स्वास्थ्य सुविधाहरूले VAD लाई समर्थन गर्दैनन् र व्यक्तिहरूलाई उनीहरूको सुविधाहरूमा VAD पहुँच गर्न अनुमति दिँदैनन् । यो सामान्यतया आस्थामा आधारित विश्वासको कारणले हुन्छ ।